# वार्षिक प्रगति प्रतिवेदन, २०७१/०७२


कुसुदेवु जनस्वास्थ्य अभियान नेपाल
पकनाजोल, काठमाण्डौ
फोन नं. ०१४३८९६४९
ईमेलः kushudebu2005@yahoo.com
वेबसाइटः www.kushudebu.org.np

## १ परिचय

### १.१ भूमिका

विकट भौगोलिक विकटता, राज्यको भेदभावपूर्ण नीति, सामाजिक कुरीति, धार्मिक अन्ध विश्वासबाट पिरोलिई रहेको ग्रामीण समुदायमा बसोबास गर्ने नागरिकहरु अझै पनि सरल र सहज ढंगबाट स्वास्थ्य सेवा प्राप्त गर्न सकिरहेका छैनन् । भौगोलिक विकटताका कारण कडा परिश्रम गर्नु, गरिबीका कारण सरसफाई गर्ने सामाग्रीहरु किन्न नपाउनु, स्वास्थ्य संस्थाहरु धेरै टाढा हुनु जस्ता कारणले हिमाली भेगमा बसोबास गर्ने नागरिकहरुले स्वास्थ्य जस्तो अधिकार बाट वञ्चित हुनु दुर्भाग्य नै मानिनु पर्छ । नेपालको संविधान २०७२ मा प्रत्येक नागरिकका लागि स्वास्थ्यलाई मौलिक अधिकारको रुपमा व्यवस्था गरिएको भएतापनि यसको व्यवहारिक प्रयोग हुन सजिलो देखिएको छैन । अशिक्षा, अस्वस्थता, गरीबी, रुढिवादी, संस्कृति आदिका कारणले ग्रामीण समुदायका नागरिकहरुलाई स्वस्थ जीवनयापन गर्न कठीनाई परिरहेको छ ।

विश्वमा नागरिक स्वास्थ्यको अवस्थालाई नियाल्दा विकसित देशको तुलनामा विकासोन्मुख देशको अवस्था धेरै नाजुक रहेको पाईन्छ । किनभने विकसित देशमा आर्थिक विकास र वृद्धिको पाटो, विधिको शासन, मानव अधिकारको कार्यान्वयन पक्ष राम्रो रहेको छ । तर नेपालमा भने राजनीतिक अस्थिरताका कारण यो हुन सकिरहेको छैन ।

यिनै कुराहरुलाई हृदयंगम गर्दै कुसुदेवु जनस्वास्थ्य अभियान नेपालले सोलुखुम्बु जिल्ला स्थित साविकको बेनी गा.वि.स. वडा नं. ५ हालको दूधकुण्ड नगरपालिका वडा नं. १ मा बेनी सामुदायिक स्वास्थ्य सेवा केन्द्र मार्फत निरन्तर रुपमा सेवा पुऱ्याउँदै आएकोछ । स्वास्थ्य सेवा केन्द्रले त्यस भेगका बासिन्दालाई सहुलियत रुपमा सेवा पुयाउनुको साथै विपन्न, दलित, बालबालिका, बृद्ध-बृद्धाहरुमा निःशूल्क स्वास्थ्य सेवा पुऱ्याउँदै आएको छ । आर्थिक वर्ष २०७१/०७२ मा कुसुदेवु जनस्वास्थ्य अभियान नेपालले गरेको क्रियाकलापहरुलाई समेटी यो प्रतिवेदन तयार पारिएको छ ।

### १.२ उद्देश्यः

आर्थिक वर्ष २०७१/०७२ मा संस्थाले हासिल गरेको प्रगति सरोकारवाला निकायलाई जानकारी गराउने यो प्रतिवेदनको उद्देश्य रहेको छ ।

### १.३ कार्यक्रमको औचित्य

स्वास्थ्य नै मानिसको धन हो । मानिस स्वस्थ रहन सकेन भने उसले आफू अनि समाजका लागि केही पनि गर्न सक्दैन । स्वास्थ्य बिना स्वस्थ, सभ्य र समृद्ध समाजको परिकल्पना समेत गर्न सकिंदैन । समुदायमा व्यक्तिलाई स्वस्थ राख्नका लागि व्यक्तिगत सरसफाईमा जोड दिन अति आवश्यक छ । उपचार गरिनु भन्दा रोग लाग्न नदिनु नै उत्तम उपाय भएको हुँदा विभिन्न चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी रोग लाग्नबाट व्यक्तिलाई सचेत गराउन सकिन्छ । तापनि ग्रामीण समुदायमा कडा परिश्रम बिना जीवन निर्वाह हुन नसक्ने हुँदा धेरै गह्रौं सामान बोक्दा र उचाल्दा ग्रामीण समुदायमा हाडजोर्नीको समस्या, महिलाहरुमा आङ खस्ने समस्या एकदमै देखापरिहेको अवस्था छ । चेतनामा कमी भएको कारणले ग्रामीण समुदायमा विभिन्न रोगहरुबाट जनताहरु पिडित भएका छन् । परम्परागत रुढीवादी सोचाईले

गाउँघरमा अझै पनि डाक्टरबाट गरिने उपचारलाई धामी झाँक्रीबाट गराई रहेका छन् । आर्थिक, सामाजिक, भौतिक समस्याबाट रोग लागेका व्यक्तिहरुले उपचार पनि नपाई रहेको अवस्था पनि एकातिर विद्यमान छ । यिनै सामाजिक, आर्थिक, भौगोलिक कारणले विभिन्न रोगको शिकार बन्न पुगेकाहरु आज राम्रो र दक्ष चिकित्सा सेवा पाई नरहेको अवस्थालाई सुलभ र सहज ढंगबाट स्वास्थ्य सेवा प्रदान गरी व्यक्ति, समाज र राष्ट्रलाई सभ्य र समुन्नत बनाउन सकिन्छ ।

### १.४ लाभान्वितहरुको संख्याः

यस संस्थाबाट आर्थिक वर्ष २०७१/०७२ मा लाभान्वित हुनेहरुको संख्या निम्नानुसार रहेको छ ।

| सि.नं. | कार्यक्रमको नाम | लाभान्वित संख्या |
|---|---|---|
| १ | विभिन्न रोगहरुको उचित निदान र सहुलियत दरमा औषधी वितरण गर्दै आएको | ३५०० |
| २ | बगैंचा निर्माण | २ पटक |
| ३ | रंगरोगन | १ पटक |
| ४ | सरसफाई | २ पटक |
| ५ | एक्सरे तालिम | १ जना |
| ६ | निःशुल्क स्वास्थ्य शिविर | ५१५ जना |
| ७ | क्यानसर पीडितलाई सहयोग | १ जना |
| ८ | स्वास्थ्य शिक्षा | ४१० विद्यार्थी |
| ९ | निःशुल्क दन्त स्वास्थ्य शिविर | ३०७ जना |
| १० | भूकम्प पीडितलाई राहत वितरण | १०४ घरधुरी |
| ११ | भूकम्प पीडितलाई जस्ता पाता वितरण गरिएको | १०४ घरधुरी, ५ वटा संस्था |
| १२ | क्षमता अभिवृद्धि तालिम | १ पटक |
| १३ | स्थानीय सञ्चालक समितिको गठन | १ पटक |
| १४ | | |
| १५ | | |

## २ सञ्चालित क्रियाकलापहरु

### २.१ उपचार सेवा :

बेनी सामुदायिक स्वास्थ्य सेवा केन्द्रबाट यस वर्ष पुरुष ८४९ र महिला ७१९ गरी जम्मा १५६८ जना विरामीहरु लाभान्वित भएका छन् । उपचारका कममा यस बर्षको रेकर्ड अनुसार देखिएका प्रमुख दश रोगहरु यस प्रकार रहेको पाईयो ।

1. APD
2. Headache
3. URTI
4. LRTI
5. Boils
6. PID
7. HTN
8. Trauma/Injury
9. Dermatitis/Skin Diseases
10. Diarrhea

**२.२ बगैंचा निर्माणः**

स्वास्थ्य सेवा केन्द्र वरिपरिको वातावरण स्वच्छ, सफा र हराभरा बनाउनुको साथै पर्यावरणलाई सन्तुलित बनाउनको निम्त स्वास्थ्य सेवा केन्द्रमा कार्यरत कर्मचारी र Newington College Sydney, Australia बाट शिक्षक Greg Pike को नेतृत्वमा आउनु भएका विद्यार्थीहरुका समुहले स्वास्थ्य सेवा केन्द्र वरिपरि फूलहरु रोपनुको साथै सानो सानो हुने खालको वोटविरुवा लगाएर बगैंचा निर्माणको काम सम्पन्न गरेका थियो ।

**२.३ रंगरोगन तथा सरसफाईः**

Newington College Sydney र GHAWS, Australia वाट आउनु भएका विद्याथीहरुका समुहको सहयोगद्धारा स्वास्थ्य सेवा केन्द्रमा कार्यरत कर्मचारीहरुसंग समन्वय गरी विभिन्न समयमा संस्थाद्धारा संचालित वेनी सामुदायिक स्वास्थ्य सेवा केन्द्रमा र स्टाफ क्वाटरको झयाल, ढोका र कोठामा रंगरोगन लगाउनुको साथै स्वास्थ्य सेवा केन्द्र वरिपरि सरसफाई गरी वरिपरिको वातावरण स्वच्छ र सफा राख्ने काम गरेका थियो ।

**२.४ ए-क्सरे तालिमः**

संस्थाको आर्थिक सहयोगमा साविकको वेनी गा. वि. स. वडा नं ५ हालको दुधकुण्ड न. पा. वडा नं. १ बस्ने आर्थिक स्थिती कमजोर भएका ल्हाक्पा शेर्पालाई काठमाडौं स्थित सहारा हेल्थ सेन्टर र मेरिडयन पोलिकिलनिकमा ए-क्सरे सम्बन्धी तालिमको ब्यवस्था मिलाएको थियो । स्थानीय भेगका मानिसलाई सरल सुलभ सेवा प्रदान गर्नको लागि सो तालिम पश्चात उहाँलाई वेनी सामुदायिक स्वास्थ्य सेवा केन्द्रको डार्करुम असिष्टेन पदमा नियुक्त गरी ए-क्सरे सम्बन्धी सम्पूर्ण सेवा प्रदान गरिदै आएको छ ।

**२.५ निःशुल्क स्वास्थ्य शिविरः**

दुर्गम र ग्रामीण स्तरमा यातायात लगायत अन्य सुविधा नभएकाले निशुल्क स्वास्थ्य शिविरको लागि स्थानीय स्तरबाट माग आएकोले स्थानीय भेगका मानिसहरुलाई पायक हुने विभिन्न ठाउँमा वेनी सामुदायिक स्वास्थ्य सेवा केन्द्रमा कार्यरत कर्मचारीहरुको सहयोगमा निःशुल्क स्वास्थ्य शिविर संचालन गरेका थियो । उक्त शिबिरहरुमा गरिवीका रेखामुनि रहेका दुर्गम भेगका बासिन्दालाई विभिन्न रोगहरुको निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधी वितरण सेवा प्रदान गरिएको थियो । जुन शिविरहरुवाट विभिन्न ठाउँमा गरि ५१५ जनाले सेवा लिएका थिए ।

**२.६ क्यानसर पीडितलाई सहयोगः**

आर्थिक स्थिति कमजोर भएका दुधकुण्ड न. पा. वडा नं. १, मोपुङ्ग, सोलुखुम्बु स्थित वस्ने श्री जाङवु शेर्पा विगत केही वर्षदेखि क्यानसर रोगले पीडित भएकोमा उहाँको उपचारमा लाग्ने खर्चको केहि रकम कार्य समितिको निर्णय र संस्थाको सल्लाहकारको प्रत्यक्ष निगरानीमा उपलब्ध गराएर उहाँको उपचारमा सहयोग पुऱ्याएको छ ।

**२.७ स्वास्थ्य शिक्षा प्रदानः**

स्वास्थ्य नै ठूलो धन हो भन्ने नारा सहित प्राथमिक तहको शिक्षादेखि नै स्वास्थ्य सम्बन्धी पठन पाठन गराई स्वास्थ्य सम्बन्धी जन चेतना र शिक्षाको प्रबन्ध गराउन सकेमा सबैले स्वस्थ जीवन बिताउन सक्ने हुँदा जुनवेशी माध्यमिक विद्यालय, बेनी- ४ र हिमालयन शेर्पा बुद्धिष्ट निम्न माध्यमिक विद्यालय, बेनी- ५ का विभिन्न कक्षामा अध्यनरत ४१० जना विद्यार्थीहरुलाई स्वास्थ्य शिक्षा प्रदान गरिएको थियो ।

**२.८ निःशुल्क दन्त स्वास्थ्य शिविर :**

नेपाल सरकारको सम्बन्धित सम्पूर्ण निकायसँग आवश्यक अनुमति लिएर जिल्ला स्वास्थ्य कार्यालय सोलुखुम्बुसँग समन्वय गरी अष्ट्रेलियन चिकित्सक जोन ग्राहम निभिन र चिकित्सक वुलोक लाम लगायत वेनी सामुदायिक स्वास्थ्य सेवा केन्द्रमा कार्यरत सम्पूर्ण कर्मचारीको सहयोगमा मिति 12th March, 2015 देखि 25th March, 2015 सम्म जम्मा १४ दिनको निःशुल्क दन्त स्वास्थ्य शिविर वेनी सामुदायिक स्वास्थ्य सेवा केन्द्रमा सम्पन्न गरिएको थियो । सो शिविरबाट ३०७ जनाले सेवा प्राप्त गरेका थियो ।

**२.९ भूकम्प पीडितको लागि राहत वितरण :**

बैशाख १२ गते गएको विनाशकारी भूकम्पले क्षति ग्रस्त बनाएको दुधकुण्ड न. पा. वडा नं. १ अन्तर्गत पर्ने विभिन्न गाउँका वासिन्दाहरुलाई राहत स्वरुप विभिन्न सामग्रीहरु वितरण गरी संस्थाद्धार तत्कालको रुपमा सहयोग पुऱ्याएको थियो ।

**२.१० भूकम्प पीडितलाई जस्ता पाता वितरण गरिएको :**

बैशाख १२ गते गएको विनाशकारी भूकम्प र त्यसपछिको पराकप्नले क्षति ग्रस्त बनाएको विभिन्न ठाउँ मध्ये दुधकुण्ड न. पा. वडा नं. १ अन्तर्गतका जुनबेशीं, ईदिङमा, उक्पा, सुम्जिङमा, पाङ्कर्मा, मोपुङ गाउँका सम्पूर्ण वासीन्दाहरुलाई र यसै न. पा. अन्तर्गत रहेका संस्थाहरु मध्ये फुङमुचे नि. मा. वि., सेरलो गुम्वा, जुनबेशीं मा. वि. लाई घर टहारा निर्माणको लागि जस्ता पाता वितरण गरिएको छ ।

**२.११ क्षमता अभिवृद्धि तालिमः**

संस्थाको काम सरल, छिटो, छरितो र ब्यवस्थित रुपमा गर्नका लागि साथै विरामीहरुलाई मैत्रीपूर्ण सेवा प्रदान गर्न आधुनिक युगमा विभिन्न ज्ञान र सीपको आवश्यकत्ता महसुस गर्दै संस्थागत विकासको लागि स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको लागि कम्प्युटर तालिम १ पटक सञ्चालन गरिएको थियो ।

**२.१२ स्थानीय सञ्चालक समितिको गठनः**

संस्थाबाट सञ्चालित बेनी सामुदायिक स्वास्थ्य सेवा केन्द्र प्रति स्थानीय समुदायको जिम्मेवार र जवाफदेही भएमा संस्था दीगो रुपमा सञ्चालन हुने भएकाले स्थानीय समाजसेवी एवं बुद्धिजीवीको ७ सदस्यीय कुसुदेवु जनस्वास्थ्य अभियान नेपाल स्थानीय सञ्चालक समितिको गठन गरिएको छ ।

**३ प्राप्ति, सुझाव र निष्कर्ष**

**३.१ प्राप्ति**

कुसुदेवु जनस्वास्थ्य अभियान नेपालले आर्थिक वर्ष २०७१/०७२ मा विभिन्न कार्यक्रम सञ्चालन गरी विकट ग्रामीण समुदायमा बसोबास गर्ने ३५०० जना भन्दा बढी नागरिकहरु लाभान्वित भएका छन् । आर्थिक अवस्था कमजोर भएका व्यक्ति, वृद्धबृद्धा, दलित, फरक क्षमता भएका व्यक्तिहरु प्रत्यक्ष रुपमा यो संस्थाबाट लाभान्वित भएका छन् । विगतमा रोगलाई लुकाएर बस्ने महिलाहरुमा जनचेतना आएर खुलेर निर्धक साथ आफनो रोगको उपचार गराएर सेवा पाएका छन् । स्वस्थ जीवन नभएमा समृद्ध र सभ्य समाजको परिकल्पना गर्न नसकिने हुँदा व्यक्तिको स्वास्थ्य सेवामा यसले प्रभावकारी भूमिका निर्वाह गरेको छ । आर्थिक अवस्था कमजोर भएका १ जना कडा रोग लागेका बिरामीको उपचारमा

सहयोग पुऱ्याएको छ । प्राकृतिक विपतमा परेका समुदायले स्वास्थ्य सेवा लगायत अन्य सेवा सुविधा पाएका छन् । यो गरिब परिवारको लागि ठूलो राहत हो भने संस्थाको लक्ष्य प्राप्तिको एक साधन पनि हो ।

**३.२ सुझाव**

कुनै पनि कार्य गरिसकेपछि त्यसका राम्रा र सुधारात्मक पक्ष अवश्य हुन्छन् नै । कार्यक्रम सञ्चालन भए पश्चात निम्न सुझावहरु पेश गरिन्छ ।

- शिबिर सञ्चालन गर्नका लागि नेपाल सरकारबाट प्रदान गरिने स्वीकृत्ति अनावश्यक र झण्जटिलो भएको हुँदा प्रक्रिया घटाए राम्रो हुने ।
- प्राकृतिक विपतमा परेका समुदायलाई राहत वितरण स्वरुप विभिन्न सामग्री वितरण गर्नका लागि भिन्न निकायबाट सिफारिस तथा स्वीकृत्ति लिने काम अनावश्यक रुपमा झण्जटिलो भएको हुँदा प्रक्रिया छोटो छरित्तो भए राम्रो हुने ।

**३.३ निष्कर्ष**

नेपालको संविधान २०७२ ले स्वास्थ्य सेवालाई मौलिक हकमा रुपमा व्यवस्था गरेको भएता पनि यसको कार्यान्वयन हुन विभिन्न चुनौति देखिएको छ । आर्थिक अवस्था कमजोर भएका व्यक्ति, दुर्गम स्थानमा बसोबास गर्ने जनताहरु, सामाजिक हिसाबले पछाडि परेका र पारिएका दलित, आदिवासी जनजाती, महिला/एकल महिला, ज्येष्ठ नागरिक, फरक क्षमता भएका नागरिकहरुलाई विभिन्न प्रकारका रोगहरु लाग्दा उपचार सेवा नपाईरहेको अवस्थामा यो संस्थाले यिनीहरुलाई समेटेको छ । स्वस्थ व्यक्ति भएमा मात्र स्वस्थ समाज हुन्छ अनि मात्र सभ्य, समृद्ध समाजको परिकल्पना गर्न सकिने यथार्थलाई मनन गरी यस संस्थाबाट कार्यक्रमहरु सञ्चालन भएको छ । समाज सेवा गर्ने र सामाजिक प्राणीको रुपमा सशक्त रुपमा स्थापित गर्न चाहने वैदेशिक चिकित्सकहरु सेवा गर्नकै लागि दुर्गम गाऊँमा आएका, चिकित्सक तथा नर्सहरु, कुसुदेवु जनस्वास्थ्य अभियान नेपालका कार्य समितिका पदाधिकारी तथा कर्मचारीहरु, स्थानीय समितिका पदाधिकारीहरु, पत्रकार, स्थानीय मिडियाहरु, जुनवेशीवासीहरुबाट यो महान् र पवित्र कार्य भएको देखिन्छ । धन्यवाद तिं पवित्र हातहरुलाई जसले विकट स्थानमा आएर दीनदुखीहरुको सेवा गरेर गए ।

अनुसूची -१

**कुसुदेवु जनस्वास्थ्य अभियान नेपालले सञ्चालन गरेका कार्यक्रमहरुको फोटोहरु :**



विश्व स्तनपान दिवसको अवसरमा गरेको कार्यक्रम



नि:शुल्क दन्त शिविरमा सहयोग पुऱ्याएको चिकित्सकलाई समान गरिएको थियो



नि:शुल्क दन्त शिविरमा विरामीले उपचार गराउदै



तेलले पोलेको विरामीलाई उपचार गर्दै



भूकम्प पीडितलाई जस्ता पाता वितरण गरेको



स्थानीय वासीले जस्ता लग्नको लागि वाटो बनाउँदै



स्वास्थ्य शिक्षा प्रदान गर्दै



निर्माणको काममा श्रम दान गर्दै



वगैंचा निर्माण गर्दै



विरामीको घरमा गएर उपचार गर्दै



विद्यार्थीहरुलाई उपचार गर्दै



भूक्मप पछि नि:शुल्क स्वास्थ्य शिविर संचालन गर्दै